# प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाको सहभागितामा विद्युतीय शव दाह गृह निर्माण तथा संचालन सम्बन्धी मार्गदर्शन, २०८२

प्रस्तावना: प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाको सहभागितामा विद्युतीय शव दाह गृह निर्माण तथा संचालन गर्ने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी वनाउन वान्छनीय भएकोले,

कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयले यो मार्गदर्शन तर्जुमा गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मार्गदर्शनको नाम "प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाको सहभागितामा विद्युतीय शवदाह गृह निर्माण तथा संचालन सम्बन्धी मार्गदर्शन, २०८२" रहेको छ ।

(२) यो मार्गदर्शन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ख) "भौतिक संरचना" भन्नाले शवदाह गृह, मेशिन प्लेटफर्म तथा छानासहितको संरचना सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश सम्झनु पर्छ ।

(घ) "मार्गदर्शन" भन्नले प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाको सहभागितामा विद्युतीय शवदाह गृह निर्माण तथा संचालन सम्बन्धी मार्गदर्शन, २०८२ सम्झनु पर्छ ।

(ङ) "मेशिनरी औजार" भन्नाले विद्युतीय शवदाह गर्ने मेशिन, विद्युतीय ट्रान्सफर्मर, एम.सि.सि.बि., सि.सि. क्यामेरा लगायत अन्य उपकरणहरुलाई सम्झनु पर्छ ।

(च) "विद्युतीय शवदाह गृह" भन्नाले स्वच्छ ऊर्जा (विद्युत) प्रयोग गरी मृत व्यक्तिको दाह संस्कारको लागि स्थापना गरिएको स्थानलाई सम्झनु पर्छ ।

(छ) "संघ संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, बैंक, क्लव, मन्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ।

(ज) "संरचना" भन्नाले विद्युतीय शवदाह गृहको तोकिएको ढाँचा सहितको पूर्वाधारलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

कोशी प्रदेश सरकार, खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

## परिच्छेद-२
## लागत सहभागिता सम्बन्धी व्यवस्था

३. **कार्यक्रम कार्यान्वयन तथा वजेट व्यवस्थाः** (१) यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम विनियोजन भएको वजेटमात्र यो मार्गदर्शन अनुसार खर्च गरिने छ ।

(२) कार्यक्रमको कार्यान्वयन कोशी प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहको साझेदारमा निर्माण, स्वामित्व ग्रहण र संचालन गरिने छ । सम्बन्धित स्थानीय तहले आफ्नो दायित्वको क्षेत्रमा संघ संस्थासँग निर्माण, स्वामित्व ग्रहण र सञ्चालनमा साझेदारी गर्न सक्नेछ।

(३) मन्त्रालयले विद्युतीय शवदाह गृह निर्माणका लागि आवश्यक पर्ने ट्रान्फर्मर, एम.सि.सि.बि. खरिद र जडानको लागतमात्र व्यहोर्ने छ ।

(४) विधुतीय शवदाह गृह संचालनका लागि आवश्यक पर्ने अन्य उपकरण र भौतिक संरचनाको लागत स्थानीय तहले गर्नुपर्नेछ ।

(५) सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न इच्छुक संघ संस्थामध्येबाट उपयुक्त संस्था छनौट गरी लागत अनुपात, ढाँचा र अन्य शर्तमा सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा ४ मा जुनसुकै कुरा उल्लेख भएतापनि सम्बन्धित स्थानीय तहले विद्युतीय शवदाह गृह निर्माणका लागि जुनसुकै आईटममा पनि संघ संस्थासँग लागत साझेदारी गर्न सक्नेछ।

४. **मन्त्रालयले लागत साझेदारी गर्नेः** (१) दफा ३ को उपदफा (३) को अधिनमा रही विद्युतीय शवदाह गृह निर्माण तथा संचालन कार्यमा स्थानीय तहलाई प्रोत्साहन गर्न मन्त्रालयले विद्युतीय शवदाह गृह निर्माणमा लागत साझेदारी गर्नेछ ।

(२) मन्त्रालयसँगको सम्झौता बमोजिम स्थानीय तहले आफू वा संघ संस्था मार्फत विद्युतीय शवदाह गृहको संचालन गर्नुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रम कार्यान्वयनका लागि लागत साझेदारीको हिस्सा निर्धारण सम्बन्धमा मेशिनरी उपकरण वाहेकको संरचना निर्माण र संचालनमा सम्बन्धित स्थानीय तह र संघ संस्थाविच लागत सम्झौता गर्नु पर्नेछ।

## परिच्छेद-३
## लागत सहभागिता गर्ने प्रक्रिया

५. **माँग संकलन गर्नेः** स्थानीय तहको लागत सहभागिताका आधारमा विद्युतीय शवदाह गृह निर्माण तथा संचालनका लागि मन्त्रालयले दरखास्त आव्हान गर्नुपर्नेछ ।

६. **दरखास्त पेश गर्नुपर्नेः** (१) यस मार्गदर्शन बमोजिम लागत सहभागितामा कार्य गर्न चाहने ईच्छुक स्थानीय तहले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ५ बमोजिम मन्त्रालयमा आवेदन दिनु पर्नेछः-

(क) स्थानीय तहले उपलब्ध गराईएको सार्वजनिक स्थान/जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।

(ख) अनुसूची-१ अनुसारको समझदारी पत्र ।

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

कोशी प्रदेश सरकार
...

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

(२) यस मार्गदर्शन बमोजिम सम्बन्धित स्थानीय तहसँग लागत साझेदारीमार्फत् विद्युतीय शवदाह गृह निर्माण वा सञ्चालन गर्न चाहने सङ्घसंस्थाले सम्बन्धित स्थानीय तहले प्रकाशन गरेको सुचना बमोजिम देहायका कागजात तथा विवरण संलग्न गरी आवेदन दिनुपर्नेछः-

(क) संस्थादर्ता प्रमाणपत्र

(ख)कर दर्ता प्रमाणपत्र

(ग) कर चुक्ता प्रमाणपत्र

(घ) संस्थाको विधान लगायत आवश्यक कागजात

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिम छनौट भएको स्थानीय तहले चाहेमा सङ्घ संस्थाको साझेदारी बिना एकल रुपमा विद्युतीय शवदाह गृहको निर्माण तथा सञ्चालन गर्न सक्नेछ।

७. **प्रस्ताव छनोट तथा मूल्याङ्कन समितिः** (१) लागत सहभागिताका लागि रीतपूर्वकको प्रस्ताव प्राप्त भएपछि उपयुक्त स्थानीय तह छनौट गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको समिति हुनेछः-

| | | |
|---|---|---|
| क. | सिंचाई तथा ऊर्जा विकास महाशाखा प्रमुख | - संयोजक |
| ख. | प्राविधिक प्रतिनिध, मन्त्रालय | - सदस्य |
| ग. | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| घ. | कानून अधिकृत | - सदस्य |
| ङ. | सम्बन्धित शाखाको प्राविधिक | - सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) दफा ६ को उपदफा (२) बमोजिमको सूचना उपरमा पेस भएका आवेदन उपरमा सम्बन्धित स्थानीय तहले संस्था छनौट गरी निर्माण वा सञ्चालनको सम्झौता गर्नुपर्नेछ।

## परिच्छेद-४
## योग्यता तथा मापदण्ड

८. **विद्युतीय शवदाह गृहको मापदण्डः** (१) यस मार्गदर्शन बमोजिम स्थानीय तहले विद्युतीय शवदाह गृहको निर्माण तथा संचालन गर्दा देहायको मापदण्ड पुरा गर्नुपर्नेछः-

(क) प्रस्तावित विद्युतीय शवदाह गृह निर्माणका लागि उपयुक्त स्थानको छनौट गरेको हुनुपर्नेछ ।

(ख) प्रस्तावित निर्माण क्षेत्रमा पर्याप्त पानीको उपलव्धता भएको र सरसफाई तथा पानीको निकासको लागि उचित प्रबन्ध गरिएको हुनुपर्नेछ ।

(ग) प्रस्तावित निर्माण क्षेत्रमा प्रज्वलनशील पदार्थको वितरण र भण्डारण क्षेत्रवाट कम्तीमा १०० मिटर टाढा हुनुपर्नेछ ।

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

कोशी प्रदेश सरकार
सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

(घ) प्रस्तावित निर्माण क्षेत्रको बढीमा १०० मिटरको क्षेत्रमा ११ के.भि.ए.को विद्युत प्रसारण लाईन रहेको हुनुपर्नेछ ।

(ङ) प्रस्तावित निर्माणमा महिला र पुरुषको छुट्टा छुट्टै शौचालयको व्यवस्था रहेको हुनुपर्नेछ।

(च) प्रस्तावित निर्माण क्षेत्र प्राकृतिक प्रकोपजन्य हुन नहुने ।

(२) छनौट तथा मूल्याङ्कन समितिले उपदफा (१) मा उल्लेखित आधारहरु समेतलाई अध्ययन गरी प्रस्तावहरुको मूल्याङ्कन तथा सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद-५
## अनुगमन, मूल्याङ्कन, संचालन तथा सदुपयोग

९. **मन्त्रालयले अनुगमन गर्ने:** सम्बन्धित स्थानीय तहले, मन्त्रालयले तोकेको ढाँचामा विद्युतीय शवदाह गृहको संरचना निर्माण गर्नु गराउनु पर्नेछ। विद्युतीय शवदाह गृह निर्माण तथा सञ्चालनको कुनैपनि समयमा मन्त्रालयले स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। सम्बन्धित स्थानीय तहले त्यस्तो निर्देशनको पालना गर्नुपर्नेछ।

१०. **कार्यक्रमको संचालन तथा संरक्षण गर्नुपर्ने:** सम्बन्धित स्थानीय तहले निर्माण भएको विद्युतीय शवदाह गृहको संचालन, संरक्षण तथा मर्मत संभार गर्नुपर्नेछ ।

११. **सेवा शुल्क संकलन:** (१) विद्युतीय शवदाह गृहको उपयोग गरेवापत लाग्ने शुल्क सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय शवदाह गृहको प्रयोग गरे वापत उठेको शुल्क सम्बन्धित स्थानीय तहले सोही शबदाह गृहको सञ्चालन र मर्मत संभारमा प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद-७
## विविध

१२. **नेपाल विद्युत प्राधिकरणसँग समन्वय:** विद्युतीय शवदाह गृहमा आवश्यक विद्युत आपूर्तिका लागि स्थानीय तहले नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्नेछ ।

१३. **जग्गा उपलव्ध गराउनु पर्ने:** (१) साझेदार स्थानीय तहले विद्युतीय शवदाह गृह निर्माणका लागि सार्वजनिक जग्गा/स्थान उपलव्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलव्ध गराईएको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गाको स्वामित्व खुल्ने कागजात समेत उपलव्ध गराउनु पर्नेछ ।

१४. **संशोधन गर्न सक्ने:** मन्त्रालयले आवश्यकता अनुसार मार्गदर्शनको व्यवस्था प्रतिकूल नहुने गरी संशोधन गर्न सक्नेछ ।

१५. **लागत अनुमान तयार गर्ने:** मन्त्रालयले शबदाह गृह निर्माणसम्बन्धी लागत अनुमान तयार गर्ने तथा लागत सहभागिताको ढाँचा र अनुपात निर्धारण गर्नेछ।

१६. **प्रचलित कानून लागू हुने:** यस मार्गदर्शनमा उल्लेख भएको विषयको हकमा मार्गदर्शन बमोजिम र उल्लेख नभएका अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

गण्डकी प्रदेश सरकार, सिंचाई तथा ऊर्जा मन्त्रालय

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

समझदारी पत्र (Memorandum of Understanding) को ढाँचा

कोशी प्रदेश सरकार, खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, विराटनगरको आ.व. ................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ब.उ.शि.न. ............ ख.शि.नं.............. तर्फ संचालन हुने क्रियाकलाप नं........... स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा प्रदेश सरकार, खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, विराटनगर (यस पछि प्रथम पक्ष भनिने) र सम्बन्धित स्थानीय तह (यस पछि दोश्रो पक्ष भनिने) विच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम कार्यान्वयनका लागि द्वि-पक्षीय समझदारी पत्रमा सही छाप गरी लियौं दियौं ।

शर्तहरु:

१. प्रथम पक्षले विद्युतीय शवदाह गृह निर्माणका लागि आवश्यक पर्ने मेशिनरीको लागत व्यहोरी निर्माण कार्य सम्पन्न गर्नेछ। विद्युतीय शवदाह गृह संचालनका लागि आवश्यक पर्ने ट्रान्सफर्मर, एम.सि.सि.बि., क्यामेरा र मेशिनरी उपकरणको लागत समेत व्यहोर्नु पर्नेछ ।

२. विद्युतीय शवदाह गृह संचालनका लागि आवश्यक पर्ने ट्रान्सफर्मर, एम.सि.सि.बि., क्यामेरा र मेशिनरी उपकरण वाहेकका भौतिक संरचनाको लागत दोश्रो पक्षले गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले विद्युतीय शवदाह गृह निर्माणका लागि जग्गा उपलव्ध गराउनु पर्नेछ । उपलव्ध गराईएको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गाको स्वामित्व खुल्ने कागजात समेत उपलव्ध गराउनु पर्नेछ ।

४. प्रथम पक्षले विद्युतीय शवदाह गृह निर्माण सम्पन्न भए पश्चात दोश्रो पक्षलाई हस्तान्तरण गर्नेछ ।

५. निर्माण भएको विद्युतीय शवदाह गृहको संचालन, मर्मत संभार तथा व्यवस्थापनको जिम्मेवारी दोश्रो पक्षको हुनेछ । दोश्रो पक्षले विद्युतीय शवदाह गृहको संचालन, मर्मत संभार तथा व्यवस्थापनको लागि प्रचलित नियम कानून बमोजिम आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख नभएका विषयहरुका सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

७. सम्झौता कार्यान्वयनका क्रममा कुनै बुँदा हेरफेर, परिमार्जन वा थपघट गर्नु परेमा आपसी सहमति अनुसार गर्न सकिनेछ ।

| पहिलो पक्षको तर्फवाट | दोश्रो पक्षको तर्फवाट |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव